नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.दु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २५२ २०८३ साल जेठ १ गते शुक्रबार (15 May 2026 Friday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : 'पीडितकै लागि मिलापत्र ... ३ पृष्ठमा : निर्वाचनसम्बन्धी कानुनको ... ३ पृष्ठमा : भारतद्वारा चिनी निर्यातमा ...

## नापी कार्यालयको रेकर्डमा गाउँब्लक जग्गा देखिएकाले सोही आधारमा लालपुर्जा वितरण प्रकृया सुरु गर्न सुझाव



**दैनिक समाचारदाता**
**राजविराज, ३१ बैशाख ।**

राजविराज नगरपालिका कार्यालयमा लालपुर्जा प्राप्तिका लागि गठित जनआन्दोलन परिचालन समितिका पदाधिकारी, नगरपालिका तथा नापी र मालपोत कार्यालयका प्रमुख सम्मिलित वार्ता भएको छ ।

सो वार्तामा राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परवीनले नापी कार्यालयको फिल्डबुकमा देखिएको रेकर्ड अनुसार नगरवासीलाई अविलम्ब लालपुर्जा वितरण गर्नुपर्ने कुरामा आफू प्रतिवद्ध रहेको बताएकी छिन् ।

नगर स्थापनाकालदेखि नै बसोबास गर्दै आएका करिब ५ हजार २ सय परिवार लालपुर्जा प्राप्तिका लागि संघर्ष समिति नै गठन गरी चरणबद्ध रुपमा दवावमुलक कार्यक्रम गरिरहेका बेला कावा नगरप्रमुख परवीनले यस्तो प्रतिवद्धता जनाएकी हुन् ।

जनआन्दोलन परिचालन समितिले प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्री देखि सरोकारवाला निकाय सम्म ६ दिन अघि ७ दिने अल्टिमेटम सहितको ध्यानाकर्षण पत्र बुझाएको छैठौं दिन बसेको छलफल र वार्ता बैठकमा कार्यवाहक नगरप्रमुख परवीनले नापी कार्यालयका प्रमुख शत्रुघन प्रसाद यादवलाई नापी कार्यालयको रेकर्डमा गाउँब्लक जग्गा देखिएकाले सोही आधारमा लालपुर्जा वितरण प्रकृया सुरु गर्न सुझाव दिए ।

उनले लालपुर्जा वितरण प्रकृयामा कुनै समस्या भए नगरपालिकाले हर तबरबाट सहयोग गर्ने प्रतिवद्धता जनाउदै अव कुनैपनि बहानामा आलटाल गर्न नहुने भन्दै नापी कार्यालयका प्रमुख यादवलाई सचेत पनि गराए ।

उनले आफ्नै कार्यकालमा नगरवासीले लालपुर्जा प्राप्त गरुन् भन्ने मनसायका साथ राजविराज नगरपालिकाको नगरसभाबाट समेत निर्णय नै पारित गरी नापी कार्यालयलाई लालपुर्जा प्रदानका लागि सिफारिश गरि सकिएको स्मरण गराईन् ।

नापी कार्यालयका प्रमुख यादवले नगर स्थापना भएको २०१६ साल देखि नै बसोबास गर्दै आएका नगरवासीलाई लालपुर्जा दिनुपर्छ भन्ने आफ्नो पनि मनसाय रहेको भन्दै नगरसभाबाट गरिएको सिफारिशमा बिटौरी शब्द उल्लेख भएका कारण समस्या भईरहेको बताए ।

उनले नगरपालिकाले गरेको सिफारिश पत्रमा "बिटौरी" शब्द झिकिदिए लालपुर्जा प्रदान गर्न सहज हुने बताए । यद्यपी पुनः यसबारे शुक्रबार राजविराज नगरपालिका, नापी कार्यालय, मालपोत कार्यालय र जनआन्दोलन परिचालन समितिका पदाधिकारीको बैठक बसेर अन्तिम टुङ्गो लगाउने निष्कर्ष निकालिएको जनआन्दोलन परिचालन समितिका संयोजक खेलानन्द दासले जानकारी दिए ।

बैठकमा उनले केही समय अघिमात्र जिल्लाको सप्तकोशी नगरपालिकाको फत्तेपुर बजारमा यस्तै प्रकृतिको जग्गाको लालपुर्जा प्रदान गरिएको प्रमाण पेश गर्दै अव पनि ढिलाई भए ७ दिने अल्टिमेटमको म्याद सकिएको भोली पल्टै चरणबद्ध आन्दोलनका कार्यक्रमको घोषणा गर्ने स्पष्ट पारेका छन् ।

छलफल र वार्ता बैठकमा जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनाराण साह, संघर्ष समितिका बिरेन्द्र साह, लुकाई अन्सारी, घनश्याम दास, बिरेन्द्र गुप्ता, उद्योग वाणिज्य संघका महासचिव अमृत संचेती लगायतले पनि बोल्दै बर्षौं देखि लालपुर्जा विहिन नगरका ५ हजार २ सय भन्दा बढी परिवारलाई अविलम्ब लालपुर्जा प्रदान गरिनुपर्नेमा जोड दिएका थिए ।

## घरको छतसहित खसेर दुई जनाको मृत्यु

**दैनिक समाचारदाता**
**सर्लाही, ३१ वैशाख ।**

सर्लाहीको मलङ्गवामा घरको छतसहित खसेर दुई जनाको मृत्यु भएको छ ।

मलङ्गवा नगरपालिका-१० स्थित रञ्जित यादवको चार तले पक्की घरको छत ढलान गर्ने क्रममा खसेर दुई मिस्त्रीको ज्यान गएको हो ।

पानी ट्याङ्की राख्ने छत ढलान गर्ने क्रममा छतसहित चार तला माथिबाट खस्दा मलङ्गवा नगरपालिका-२ का ५० वर्षीय छटु साह र हरिपुर्वा नगरपालिका-२ का ४० वर्षीय राजकिशोर यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिए ।

छतसहित खसेर गम्भिर घाइते भएका दुवै जनाको उपचारका क्रममा प्रादेशिक अस्पताल मलङ्गवामा मृत्यु भएको हो ।

## सुकुम्वासीहरुद्वारा सरकारी निर्णय बिरुद्ध प्रदर्शन

**दैनिक समाचारदाता**
**राजविराज, ३१ बैशाख ।**

सुकुम्वासी बस्ती खाली गराउने सरकारी निर्णयको बिरोध गर्दैं बिहीबार राजविराजमा सप्तरीका सुकुम्वासीहरुले बिरोध प्रदर्शन गरेका छन् ।

"डोजर आतंक बन्दर गर, उचित बसोवासको व्यवस्था गर, लालपुर्जा वितरण गर, विकल्प बिना घरबारबिहीन बनाउन पाइदैन" लगायतका नाराबाजी गर्दैं बिरोध प्रदर्शन गरिएको हो ।

अखिल नेपाल सुकुम्वासी संघ, भूमी अधिकार मञ्च, मुक्त हरवा चरवा अधिकार मञ्च, दलित जनचेतना संगम लगायतका संघ संस्थाको अगुवाइमा स्थानीय




राजरंगशालाबाट निस्केको बृहत दवाबमूलक ¥याली नगर परिक्रमा पश्चात् बिरोध सभामा परिणत भएको थियो ।

सभालाई ¥यालीका संयोजक

***बाँकी अन्तिम पृष्ठमा***

## बसको ठक्करबाट मृत्यु


**दैनिक समाचारदाता**
**सर्लाही, ३१ वैशाख ।**

सर्लाहीको हरिवनमा यात्रुवाहक बसको ठक्करबाट एक पुरुषको मृत्यु भएको छ ।

उदयपुरको गाईघाटबाट काठमाडौंतर्फ जाँदै गरेको बा.प्र.-०१-००६ ख ९६७० नम्बरको बसले आजबिहान हरिवन नगरपालिका-११, कडरिया चोकमा ठक्कर दिएको थियो ।

ठक्करबाट नाम, थर वतन नखुलेका एक पुरुषको मृत्यु भएको इलाका प्रहरी कार्यालय कर्मैयाले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईका अनुसार बसको ठक्करबाट पुरुषको घटनास्थलमै मृत्यु भएको थियो ।



## सम्पादकीय

### आर्थिक मन्दी हटाउनेतर्फ पहल होस्

अहिले मुलुकमा आर्थिक मन्दी कायमै रहेको छ। विभिन्न व्यापार, व्यवसायहरु चौपट भइरहेको छ। व्यापार, ब्यवसायलाई अगाडी बढाउन पुँजीको अभाव हुन्छ तर बैंक तथा बित्तिय संस्थाहरुको झन्झटिलो ऋण प्रवाहले गर्दा यसलाई झनै जटिल बनाएको छ। जसकारण अधिकांश ब्यापार, व्यवसाय बन्द हुन पुगेको छ भने ब्यापारीहरु झनै ऋणमा डुबेका छन्। ऋण प्रवाह नहुँदा त्यसको मार आम जनताहरुमा समेत परेका छन्।

हाल मुलुकमा राजनीतिक स्थिरता रहेको छ। यस्तो बेला व्यापार, उद्योगलाई बढावा दिन तथा सूचारु गर्नेतर्फ सरकार गम्भिर बन्नु आवश्यक छ। अहिले उद्योग व्यापार असामान्य अवस्थामा रहेकोले यसलाई सहज बनाउन सरकारले पहलगामी कदम चाल्नु पर्ने अवस्था रहेको छ। सरकारले आमजनताको मर्कालाई आत्मसाथ गर्न नसक्दा आर्थिक मन्दी कारणले कतिपयको घर, ब्यापार समेत बिक्रि गर्नु पर्ने अवस्था उत्पन्न भएको छ।

तसर्थ यस्तो अवस्थामा सरकारले आमजनतालाई बाच्न पाउने वातावरण सृजना गर्नेतर्फ अग्रसरता देखाउनु जरुरी छ। अर्थतन्त्र बलियो भए जनता र देश समृद्ध हुने कुरामा दुई मत नहोला।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# 'पीडितकै लागि मिलापत्र नबनोस् पासो'

**राजेश विद्रोही**

काठमाडौं, ३१ वैशाख (रासस)। केही दिनअघि सिरहामा घटेको एउटा घटनाले मधेस समाजभित्र गहिरिँदै गएको सामाजिक, कानुनी र मानवीय सङ्कटलाई फेरि उजागर गरेको छ। यादव थरका १९ वर्षीय युवकले थारू समुदायकी १३ वर्षीया बालिकालाई स्कुल पुर्याइदिन्छु भन्दै मोटरसाइकलमा राखेर लिएर जान्छ तर स्कुलमा नपुर्याई उनलाई एउटा होटलमा लगेर जबर्जस्ती गर्छन्। त्यो सम्बन्ध सहमतिमा थियो कि जबर्जस्ती, अनुसन्धानको विषय हुनसक्छ।

नेपालको कानुनले २० वर्षभन्दा कम उमेरकी बालिकासँग भएको कुनै पनि यौन सम्बन्धलाई सहमतिको आधारमा वैध मान्दैन किनकि २० वर्षभन्दा कम उमेरका बालबालिकाले यौनसम्बन्धका लागि कानुनी सहमति दिन सक्दैनन्। घटनापछि बालिका पारिवारिक डर, लाज र सामाजिक त्रासका कारण चुप लागेर बस्छिन्। समय बित्दै जाँदा गर्भ रहन्छ। परिवारले थाहा पाएपछि प्रहरीमा उजुरी पर्छ। प्रहरीले युवकलाई पक्राउ गर्छ तर भोलिपल्टै गाउँका अगुवा, दुवै पक्षका अभिभावक र स्थानीय भलादमीहरू प्रहरी चौकीमा भेला भएर मिलापत्रको बाटो खोज्न थाल्छन्। अन्ततः युवकले बालिकालाई स्वीकार्ने र विवाह गरेर घर भित्र्याउने सहमति हुन्छ। प्रहरी पनि कानुनी प्रक्रिया अघि बढाउनुको सट्टा प्रहरी चौकी बाहिर मिलाउनुस् भन्दै दुवैलाई अभिभावकको जिम्मा लगाउँछ।

केही महिनापछि बालिकाले शल्यक्रियामार्फत छोरी जन्माउँछिन्। उमेर सानो भएकाले शारीरिक जटिलता आउँछ, दूधसमेत आउँदैन। बच्चा बाहिरी दूधको भरमा बाँच्छ। उता बालिकामाथि घरभित्र मानसिक हिंसा सुरु हुन्छ। बच्चा राख्ने, तिमीलाई नराख्ने भन्दै सासूले दबाब दिन्छिन्। युवकलाई विदेश पठाउने तयारी हुन्छ। बालिका न माइतीकी रहन्छिन्, न घरकी। उनले पटकपटक आत्महत्या गर्ने प्रयास गर्छिन्। पटकपटक कोशी नदीमा हामफाल्न खोजे पनि बच्चालाई सम्झेर फर्किन्छिन्। यो कुरा माइतीमा पुग्छन्। अन्ततः उनकी आमाले फेरि प्रहरी चौकीमा उजुरी दिन खोज्दा प्रहरी उजुरी नै लिन मान्दैन।

यो एउटा प्रतिनिधि घटनामात्र हो। मधेसका धेरै गाउँहरूमा यस्ता घटना सामान्य सामाजिक अभ्यासझैं बनिरहेका छन्। गाउँको पञ्चायत, स्थानीय नेताहरू र कहिलेकाहीँ प्रहरीसम्मको मिलेमतोमा बलात्कार, बालविवाह र बाल यौनशोषणलाई मिलापत्रमा टुङ्ग्याउने प्रवृत्ति बढ्दो छ। यसको सबैभन्दा ठूलो पीडित गरिब, दलित, जनजाति र सीमान्तकृत समुदायका बालिकाहरू भइरहेका छन्।

नेपालको संविधान २०७२ ले प्रत्येक बालबालिकालाई हिंसामुक्त जीवन, शिक्षा, स्वास्थ्य र सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गरेको छ। संविधानको धारा ३९ ले बालबालिकाविरुद्ध हुने शोषण, बालविवाह र हिंसालाई स्पष्ट रूपमा निषेध गरेको छ। त्यस्तै मुलुकी अपराध संहिता २०७४ अनुसार २० वर्षभन्दा कम उमेरकी बालिकासँग यौनसम्पर्क राख्नु जबर्जस्ती करणी मानिन्छ। बालिकाले सहमति दिएको भनिए पनि त्यो कानुनी रूपमा मान्य हुँदैन।

विद्यमान कानुनअनुसार १० वर्षभन्दा बढी र २० वर्षभन्दा कम उमेरकी बालिकामाथि जबर्जस्ती करणी भएमा १८ देखि २० वर्षसम्म कैद सजाय हुने व्यवस्था छ। यहाँ पीडित बालिका केवल १३ वर्षकी छिन्। त्यसैले यो घटना स्पष्ट रूपमा गम्भीर फौजदारी अपराधभित्र पर्छ। यस्तो मुद्दा मिलापत्र हुन नसक्ने अर्थात् राज्यविरुद्धको अपराध हो तर व्यवहारमा गाउँको सामाजिक दबाब, जातीय शक्ति सन्तुलन, गरिबी, अशिक्षा र पितृसत्तात्मक सोचका कारण यस्ता घटना अदालत पुग्नै पाउँदैनन्।

नेपाल प्रहरीको तथ्याङ्क हेर्ने हो भने प्रत्येक वर्ष बलात्कार तथा बाल यौन शोषणका हजारौं घटना दर्ता हुन्छन्। प्रहरी प्रधान कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा मात्रै दुई हजार ३०० भन्दा बढी बलात्कारका मुद्दा दर्ता भएका थिए। तीमध्ये ठूलो हिस्सा बालिकामाथिका घटनाहरू थिए। राष्ट्रिय महिला आयोग र विभिन्न मानवअधिकार संस्थाहरूका अनुसार मधेस प्रदेशमा बालविवाह र बाल यौन शोषणको दर अझै उच्च छ।

युनिसेफको तथ्याङ्कअनुसार नेपालमा २० देखि २४ वर्ष उमेर समूहका करिब ३३ प्रतिशत महिलाको विवाह १८ वर्ष नपुग्दै भएको छ। मधेस प्रदेशमा यो दर अझै बढी छ। बालविवाहसँगै किशोरी गर्भावस्था, मातृमृत्यु, विद्यालय छोड्ने समस्या र घरेलु हिंसा गम्भीर रूपमा जोडिएका छन्। तेह्र वर्षको उमेरमा गर्भवती हुनु आफैंमा अत्यन्त जोखिमपूर्ण अवस्था हो। विश्व स्वास्थ्य सङ्गठनका अनुसार १५ वर्षभन्दा कम उमेरका किशोरीमा गर्भधारण हुँदा मृत्युको जोखिम धेरै हुन्छ। शारीरिक रूपमा पूर्ण विकसित नभएकाले प्रसूति जटिलता, रक्तश्राव, कुपोषण र मानसिक आघातको सम्भावना उच्च हुन्छ। सिरहाको यो घटनामा पनि बालिकाले शल्यक्रियाबाट बच्चा जन्माउनुपरेको छ। यो केवल एउटा व्यक्तिगत पीडा होइन, राज्य र समाजको असफलताको प्रमाण हो।

सबैभन्दा दुःखद् पक्ष भनेको पीडितले न्याय खोज्न जाँदा राज्य संयन्त्र नै उदासिन बन्नु हो। कानुनअनुसार प्रहरीलाई कुनै पनि फौजदारी अपराधको उजुरी दर्ता गर्न अस्वीकार गर्ने अधिकार छैन। यदि प्रहरी कार्यालयले उजुरी लिन मानेन भने पीडितले जिल्ला प्रहरी कार्यालय, सरकारी वकिल कार्यालय, राष्ट्रिय महिला आयोग वा अदालतसम्म जान सक्छिन्। तर गरिब, अशिक्षित र सामाजिक रूपमा कमजोर परिवारका लागि यी कानुनी बाटाहरू सजिला छैनन्। उनीहरू स्थानीय शक्ति संरचना, आर्थिक अभाव र सामाजिक बदनामीको डरले दबिन्छन्।


मधेस समाजमा अहिले पनि इज्जत जोगाउने नाममा बलात्कारका घटनालाई विवाहमार्फत समाधान गर्ने प्रवृत्ति बलियो छ। धेरै अभिभावकहरू छोरीको भविष्यभन्दा सामाजिक बदनामीबाट डराउँछन्। परिणामतः पीडित बालिकालाई नै अपराधीसँग बाँधिन्छ। यस्तो विवाह प्रेम वा सहमतिमा होइन, दबाब र असमान शक्तिसम्बन्धको आधारमा हुन्छ। त्यसैले त्यहाँ हिंसा, दमन र मानसिक यातना दोहोरिइरहन्छ।

यहाँ अर्को गम्भीर प्रश्न पनि उठ्छ, प्रहरी चौकीमै मिलापत्रको वातावरण बनाइन्छ, त्यसले अपराधीलाई संरक्षण र पीडितलाई निरुत्साहित हुने काम त भएको छैन ? प्रहरीको दायित्व अपराध अनुसन्धान गरेर कानुनी प्रक्रिया अघि बढाउनु हो, गाउँको सामाजिक दबाबअनुसार अपराध मिलाउनु होइन। नेपालमा बलात्कार मुद्दा मिलापत्र गर्न नपाइने कानुनी व्यवस्था छ। सर्वोच्च अदालतले पनि विभिन्न फैसलामार्फत यौन हिंसाका मुद्दामा सामाजिक मिलापत्रलाई गैरकानुनी भनेको छ। तर व्यवहारमा अझै पनि स्थानीय तहदेखि प्रहरीसम्म सम्झौता गर्ने परिपाटी धेरै छ। विशेषगरी मधेसका ग्रामीण क्षेत्रमा जातीय शक्ति सम्बन्ध, आर्थिक असमानता र पितृसत्तात्मक सोचले न्याय प्रणालीलाई कमजोर बनाइरहेको छ।

यस समस्याको समाधान केवल कानुन बनाएरमात्र सम्भव छैन। पहिलो कुरा, प्रहरी प्रशासनलाई उत्तरदायी र संवेदनशील बनाउनुपर्छ। बाल यौनशोषणका घटनामा उजुरी नलिने वा मिलापत्र गराउने प्रहरीमाथि कारबाही हुनुपर्छ। दोस्रो, स्थानीय तह, विद्यालय र समुदायमा बालविवाह तथा यौन हिंसाविरुद्ध व्यापक जनचेतना अभियान आवश्यक छ। तेस्रो, पीडित बालिकाका लागि सुरक्षित आश्रय, मनो-सामाजिक परामर्श, स्वास्थ्य सेवा र कानुनी सहायता सुनिश्चित गर्नुपर्छ। राज्यले यस्ता बालिकालाई केवल केसको रूपमा होइन, अधिकारविहीन नागरिकको रूपमा हेर्नुपर्छ। उनीहरूलाई शिक्षा, स्वास्थ्य, पुनर्स्थापना र सम्मानित जीवनको अवसर दिनुपर्छ। नत्र प्रत्येक गाउँमा यस्तै मिलापत्रको पासोमा हजारौं बालिकाको भविष्य बर्बाद भइरहनेछ।

सिरहाकी ती १३ वर्षीया बालिका अहिले आफ्नै बच्चालाई भेट्नसमेत नपाउने अवस्थामा छिन्। उनी नाबालिका हुन्, पीडित हुन्, न्याय खोजिरहेकी नागरिक हुन् तर समाजले उनलाई अपराधीझैं व्यवहार गरिरहेको छ। यही नै हाम्रो सामाजिक संरचनाको क्रूर यथार्थ हो। जब बलात्कारलाई विवाहले ढाकिन्छ तब न्याय मर्छ। जब प्रहरी चौकीमा पञ्चायत बस्छ, तब कानुन हार्छ। जब पीडित बालिका आत्महत्या सोच्न बाध्य हुन्छिन्,

***बाँकी तीन पृष्ठमा***



नेपाल सरकार
कृषि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज
सप्तरी

चलानी नं. : ६८०४
पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति:

मिति: २०८२।१०।२६

विषय : ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना ।

[illegible] नाउँ दर्ता रहेको साविक [illegible] मौजा रैन. [illegible] हाल तपसिल बमोजिम नापी भएको जग्गा [illegible] गरी प्रमाण पुर्जा पाउ भन्ने गा.वि.स./न.पा. [illegible] वार्ड नं. [illegible] बस्ने श्री [illegible] को द.नं. [illegible] मिति [illegible] मा निवेदन परी ३५ सार्वजनिक सूचना प्रकाशित गर्ने मिति [illegible] मा आदेश भए अनुरुप यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा जग्गा दर्ता नामसारी नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सूचना प्रकासित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी गर्नु होला । म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम [illegible] गर्ने तर्फ कानून बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरो दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| [illegible] | [illegible] | [illegible] | ०-१-२ | [illegible] | [illegible] |

# निर्वाचनसम्बन्धी कानुनको मस्यौदामा दलहरूसँग परामर्श, विदेशबाट मतदान र 'नो भोट'बारे मतान्तर

**प्रकाश सिलवाल**

काठमाडौँ, ३१ वैशाख (रासस) ।

सरकारले निर्वाचन आयोगमै फिर्ता पठाएको निर्वाचनसम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयकमाथि राजनीतिक दलसँग परामर्श सुरु भएको छ ।

प्रतिनिधिसभाको निर्वाचनपछि गठित सरकारले थप छलफलसहित पुनः पेस गर्न उक्त मस्यौदा विधेयक गत महिना आयोगमा फिर्ता पठाएको थियो । आयोगले २०८० असार १८ गते गृह मन्त्रालयसमक्ष सो विधेयक पेस गरेको थियो । विधेयक तयार पार्न नेपाल सरकार, मन्त्रिपरिषद्को २०७८ पुस १४ गतेको निर्णयबाट सैद्धान्तिक सहमति समेत प्राप्त भएको थियो ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले विधेयकको मस्यौदाका विषयमा सङ्घीय र प्रदेश संसद्मा प्रतिनिधित्व गर्ने १४ राजनीतिक दलका प्रतिनिधिसँग मङ्गलबार छलफल गरिएको जानकारी दिनुभयो । छलफलमा राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय सदस्य डा रामनारायण ढुङ्गाना, नेपाली कांग्रेसका सहमहामन्त्री योगेन्द्र चौधरी, नेकपा (एमाले)का केन्द्रीय सदस्य नीरज आचार्य, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का केन्द्रीय सदस्य डा मुक्ति प्रधान, श्रम संस्कृति पार्टीका सहमहामन्त्री समीर तामाङ, राष्ट्रिय प्रजातन्त्र पार्टीका सहमहामन्त्री श्यामबहादुर शाही, जनता समाजवादी पार्टी नेपालका महासचिव डा सुरेन्द्रकुमार झा, नेपाल मजदुर किसान पार्टी सचिव प्रेम सुवाल, राष्ट्रिय जनमोर्चाका महासचिव मनोज भट्ट, प्रगतिशील लोकतान्त्रिक पार्टीका केन्द्रीय सदस्य रामप्रकाश पुरीलगायत सहभागी थिए ।

रास्वपाका नेता ढुङ्गानाले विदेशमा रहेका नेपालीको मताधिकार सुनिश्चित गरिनुपर्नेमा जोड दिँदै अन्तरजिल्ला मतदाताको प्रबन्ध गर्न आग्रह गर्नुभयो । एमालेका नेता आचार्यले विदेशमा रहेका नेपालीको मताधिकारबारे सैद्धान्तिक रूपमा विरोध नरहे पनि यसबारे विस्तृत अध्ययन गर्नुपर्ने बताउनुभयो । उहाँले 'नो भोट'को प्रबन्ध गर्दा ५० प्रतिशतभन्दा कम मतदाताले अस्वीकार नगरेमा पुनः मतदान या के गर्ने तथा अग्रिम मताधिकारजस्ता विषयमा पार्टीको शीर्ष नेतृत्वसँग राय लिएर आयोगलाई सुझाव दिइने जनाउनुभयो ।

नेकपाका नेता प्रधानले श्रम स्वीकृति लिएर विदेशमा रहेका नेपालीको मात्रै मताधिकार कायम गर्न सकिने राय दिनुभयो । नेमकिपाका सुवालले भने विदेशमा रहेका नेपालीको मताधिकार कायम गर्न नहुने तर्क प्रस्तुत गर्नुभयो । जनमोर्चाका महासचिव भट्टले समानुपातिक निर्वाचन प्रणालीमा मतसीमा (थ्रेसहोल्ड) हटाउन माग गर्नुभयो ।

छलफलमा दलका प्रतिनिधिले केही दिन थप अध्ययनका लागि समय दिन र त्यसपछि आफूहरूले लिखित सुझाव दिने जनाएका छन् । दलहरू र अन्य पक्षबाट आउने सुझावलाई मनन् गरेर थप परिमार्जनसहित छिट्टै सरकारसमक्ष विधेयक पेस गरिने प्रवक्ता भट्टराईले जानकारी दिनुभयो ।

निर्वाचन व्यवस्थापनलाई अझ बढी स्वच्छ, निष्पक्ष, सहज र प्रभावकारी बनाउन साबिकको निर्वाचनसम्बन्धी कानुन परिमार्जन गरी निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण बनेको सो प्रस्तावित विधेयक सर्वोच्च अदालतबाट भएका निर्देशनात्मक आदेश तथा अन्तरराष्ट्रिय अभ्यास, विगतका अनुभव तथा सरोकारवालाको पृष्ठपोषणसमेतका आधारमा तयार गरिएको हो । आयोगका अनुसार प्रस्तावित विधेयकमा निर्वाचनसम्बन्धी कानुनको अन्तरराष्ट्रिय मान्यताअनुसार मतदानको विश्वव्यापी अधिकार, मतदानमा समान अधिकार, मतदानमा प्रत्यक्ष संलग्नता, गोप्य मतदान तथा निर्वाचनमा समान सहभागिताजस्ता विषय समावेश छन् ।

प्रस्तावित विधेयकमा थुप्रै नयाँ व्यवस्था गरिएका छन् । मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्य निर्वाचन कार्यालय वा सम्बन्धित स्थानीय तहमार्फत विद्युतीय माध्यमबाट नियमित रूपमा गर्ने प्रस्ताव गरिएको छ । कुनै पनि नेपाली नागरिकले आफू स्थायी बसोबास गरेको वडाको मतदाता नामावलीमा नाम दर्ता हुनेगरी कुनै पनि निर्वाचन कार्यालयबाट नाम दर्ता गर्न सक्ने, मतदाता नामावली तयार गर्नुपर्ने प्रयोजनका लागि विदेशमा रहेका नेपाली नागरिकको विवरण सङ्कलन गर्ने व्यवस्था गरिएको छ ।

यस्तै निर्वाचन हुने दिन र निर्वाचन प्रचारप्रसारको अवधि कानुनमै किटान गर्नुपर्ने, प्रस्तावित विधेयकमा उम्मेदवारको योग्यता र अयोग्यतासम्बन्धी विस्तृत व्यवस्था थप गरी स्पष्ट गरिएको छ । सङ्घीय संसद्, प्रदेशसभा वा स्थानीय तहको सदस्य पदमा उम्मेदवार भई पराजित भएको व्यक्ति सोही निर्वाचन क्षेत्र वा तहको उपनिर्वाचनबाहेक त्यस्तो पदको कार्यकाल पूरा नभएसम्म कुनै पनि तहको निर्वाचनमा उम्मेदवार हुन नसक्ने, प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्यमा समानुपातिक निर्वाचन प्रणालीबाट दुईपटक निर्वाचित भइसकेको व्यक्ति सोही निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनमा उम्मेदवार हुन नसक्ने तथा कुनै एक राजनीतिक दलको सदस्य रहेको व्यक्ति त्यस्तो दलको सदस्य पद त्याग नगरी अर्को राजनीतिक दलको तर्फबाट उम्मेदवार हुन नसक्ने प्रस्ताव गरिएको छ ।

राष्ट्रपति वा उपराष्ट्रपति, सङ्घीय संसद्, प्रदेशसभा सदस्य र स्थानीय तहको सदस्य पदको निर्वाचनमा निर्वाचित कुनै व्यक्तिको अयोग्यता सम्बन्धमा उजुरी परेमा सम्बन्धित अदालतले त्यस्तो मुद्दा छ महिनाभित्र कारबाही र किनारा गर्नुपर्ने, प्रतिनिधिसभा वा प्रदेशसभा सदस्यका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवारी दिँदा कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार दिनुपर्ने व्यवस्था गरिएको छ ।

त्यसैगरी, स्थानीय तहको अध्यक्ष वा उपाध्यक्ष, प्रमुख वा उपप्रमुखमध्ये कम्तीमा एक जना महिला उम्मेदवार हुनुपर्ने, एउटा पदमा मात्र उम्मेदवारी दिँदा महिला उम्मेदवार दिनुपर्ने एवं वडाध्यक्षको पदमा उम्मेदवारी दिँदा सम्बन्धित स्थानीय तहका सम्पूर्ण वडाध्यक्षमध्ये कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवारी दिनुपर्ने व्यवस्था गरिएको छ ।

आयोगले विदेशमा रहेका मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिलाई नेपाली कूटनीतिक नियोगको सहयोगमा सोही मुलुकबाटै प्रतिनिधिसभाको समानुपातिकतर्फको निर्वाचन प्रणालीअनुसार हुने निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था मिलाउने, निर्वाचनमा सम्भव भएसम्म स्वदेशी निर्वाचन सामग्री प्रयोग गर्ने व्यवस्था प्रस्ताव गरिएको छ । कुनै मतदाताले कुनै पनि उम्मेदवारलाई समर्थन नरहेको भनी मतदान गर्न चाहेमा आयोगले त्यस्तो उम्मेदवारलाई समर्थन नरहने गरी मतपत्रमा मतदानको व्यवस्था गर्ने, मतपत्र गणना गर्दा कुनै पनि उम्मेदवारलाई समर्थन नरहेको मतसङ्ख्या त्यस्तो निर्वाचनमा मतदान भएको कुल सदर मतको ५० प्रतिशतभन्दा बढी भएमा त्यस्तो निर्वाचन रद्द हुने प्रस्ताव विधेयकमा गरिएको छ ।

**'पीडितकै ...**

तब राज्यको नैतिकता समाप्त हुन्छ । त्यसैले अब प्रश्न केवल एउटा घटनाको होइन । प्रश्न यो हो- के हामी बालिकाको जीवन बचाउने समाज निर्माण गर्दैछौं कि अपराधलाई मिलापत्रको नाममा वैधता दिने समाज ? यदि राज्य, समाज र न्याय प्रणाली अहिले पनि मौन बसिरहने हो भने मिलापत्र वास्तवमा न्यायको होइन्, पीडितहरूको जीवन निल्ने पासो बनेर रहिरहनेछ ।


भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी**

**राजविराज**

मिति :-२०८३/०१/२८

**विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।**

यसै जिल्ला सप्तरी गा.वि.स. हनुमाननगर वार्ड नं. ५ हाल हनुमाननगर कंकालिनी न.पा. वडा नं. ९ बस्ने मोहनलाल भटेराको बुहारी हेमन्त कुमार भटेरा जैनको पत्नी अंजु देवी भटेराको यस कार्यालयमा द.नं. २०२२५ मिति २०८२/१२/१० गतेमा माग निवेदन बमोजिम ऐ.ऐ. बस्ने सुखलालको नाति रकमानन्दको छोरा मोहन लाल भटेराको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको जग्गा नामसारी गर्न माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८३/०१/२८ मा आदेश भए बमोजिमं यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति. गोचर, समसानघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माग दावी बमोजिम नामसारी गर्ने तर्फ कानून बमोजिम कारबाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिलः-

| जग्गाधनी | जिल्ला | गा.बि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | निवेदक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| मोहन लाल भटेरा | सप्तरी | १ नं. जोगिनिया | १<br>१ | २५७<br>७२५ | ०-०-१९<br>०-१-१५ | अंजु देवी भटेरा | ससुरा मोहन लाल भटेराको मिति २०७७/०८/१९ मा मृत्यु भई निजको बुहारी अंजु देवी भटेराको माग दावी रहेको |


## विश्व समाचार

### भारतद्वारा चिनी निर्यातमा प्रतिबन्ध

नयाँदिल्ली, ३१ वैशाख (रासस/एएफपी) ।

घरेलु बजारमा चिनीको आपूर्ति सुनिश्चित गर्न र मूल्यवृद्धि नियन्त्रणमा राख्ने उद्देश्यसहित भारतले चिनी निर्यातमा अस्थायी प्रतिबन्ध लगाएको छ । विश्वका सबैभन्दा ठूला चिनी उत्पादकमध्ये एक भारतले सेप्टेम्बरको अन्त्यसम्मका लागि निर्यात रोक्ने निर्णय गरेको हो । भारतीय सरकारले बुधबार राति जारी गरेको आदेशअनुसार यो प्रतिबन्ध 'तत्काल प्रभाव' बाट लागू भएको छ । आदेशमा सीमित अपवादबाहेक चिनी निर्यात रोकिएको उल्लेख गरिएको छ । यसअघि नै निर्यात प्रक्रियामा रहेका केही कन्साइनमेन्टलाई भने छुट दिइने जनाइएको छ ।

सरकारले अन्य मुलुकसँग खाद्य सुरक्षासम्बन्धी सरकारी सम्झौताअन्तर्गत हुने निर्यातलाई भने अनुमति दिइने स्पष्ट पारेको छ । नयाँ व्यवस्था आगामी सेप्टेम्बर ३० सम्म कायम रहनेछ । भारतले यस्तो निर्णय आगामी चिनी उत्पादनलाई लिएर बढ्दो चिन्ताबीच गरेको हो । अक्टोबरबाट सुरु हुने नयाँ चिनी उत्पादन सिजन एल निनो मौसमी प्रभावका कारण प्रभावित हुनसक्ने अनुमान गरिएको छ । मौसमविद्हरूले औसतभन्दा कम मनसुन हुने सम्भावना औँल्याएपछि सरकारले आपूर्ति सङ्कटबाट जोगिन अग्रिम कदम चालेको मानिएको छ ।

एल निनोका कारण वर्षा कम भएमा उखु उत्पादनमा प्रत्यक्ष असर पर्ने र त्यसले चिनी उत्पादन घटाउन सक्ने आशङ्का गरिएको छ । भारतमा चिनी दैनिक उपभोगसँगै खाद्य उद्योगको महत्त्वपूर्ण कच्चा पदार्थसमेत भएकाले यसको मूल्यवृद्धिले व्यापक असर पार्न सक्छ । यता, इरान युद्धका कारण उत्पन्न ऊर्जा सङ्कटले भारतको अर्थतन्त्रमा थप दबाब सिर्जना गरिरहेको छ । मध्यपूर्वबाट ऊर्जा आपूर्ति र मल आयातमा निर्भर भारत अहिले बढ्दो लागत र आपूर्ति अस्थिरतासँग जुधिरहेको छ । यसले नयाँदिल्लीको आर्थिक वृद्धिदरप्रतिको अनुमानलाई समेत अनिश्चित बनाएको छ ।

चिनी निर्यातमा भारतले लगाएको नयाँ प्रतिबन्धले अन्तर्राष्ट्रिय बजारमा पनि असर पार्ने अनुमान गरिएको छ । भारत विश्व चिनी बजारको प्रमुख आपूर्तिकर्तामध्ये एक भएकाले यस निर्णयले विश्व बजारमा मूल्य बढ्न सक्ने विश्लेषण गरिएको छ । सरकारी तथ्याङ्कअनुसार भारतको चिनी निर्यात पछिल्ला वर्षहरूमा तीव्र उतारचढावबाट गुज्रिएको छ । सन् २०२१-२२ मा भारतले करिब एक करोड १० लाख टन चिनी निर्यात गरेको थियो, जुन उच्चतम स्तर मानिन्छ ।

तर त्यसपछि निर्यातमा तीव्र गिरावट आएको देखिन्छ । सन् २०२२-२३ मा निर्यात घटेर ६३ लाख टनमा सीमित भयो । त्यसपछिको वर्ष २०२३-२४ मा त झन् निर्यात एक लाख टनसम्म झरेको थियो । यद्यपि सन् २०२४-२५ मा स्थिति केही सुधार हुँदै निर्यात करिब नौ लाख टन पुगेको सरकारी तथ्याङ्कले देखाएको छ । तर आगामी उत्पादन र आपूर्तिलाई लिएर अनिश्चितता बढेपछि सरकारले फेरि कडा नियन्त्रणको बाटो रोजेको हो ।

### ब्रिक्स बैठकमा इरान युद्ध र तेल संकटको छाया

नयाँदिल्ली, ३१ वैशाख (रासस/एएफपी) ।

इरान युद्धका कारण चर्किएको ऊर्जा सङ्कट, अस्थिर तेल बजार र विश्वव्यापी आर्थिक अनिश्चितताबीच ब्रिक्स राष्ट्रका विदेशमन्त्रीहरू बिहीबार नयाँदिल्लीमा भेला भएका छन् । भारतले बैठकको उद्घाटन गर्दै वर्तमान अन्तर्राष्ट्रिय परिस्थिति 'गम्भीर उतारचढाव र पर्याप्त प्रभाव' को चरणमा पुगेको चेतावनी दिएको छ । यस वर्ष ब्रिक्सको अध्यक्षता गरिरहेको भारतले विस्तारित समूहका विदेशमन्त्रीहरूको दुई दिने बैठक आयोजना गरेको हो । भेलामा इरान, रुस, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्सलगायत सदस्य राष्ट्र सहभागी छन् । फेब्रुअरी २८ देखि अमेरिका र इजरायलले इरानविरुद्ध सुरु गरेको युद्धका कारण उत्पन्न तनावले बैठकको मूल एजेन्डालाई प्रभाव पारेको छ ।

भारतका विदेशमन्त्री सुब्रह्मण्यम जयशङ्करले उद्घाटन सत्रमा विश्व अहिले अस्थिर राजनीतिक र आर्थिक मोडबाट गुज्रिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामी अन्तर्राष्ट्रिय सम्बन्धमा उल्लेखनीय उतारचढावको समयमा भेटिरहेका छौँ । चलिरहेका द्वन्द्व, आर्थिक अनिश्चितता तथा व्यापार, प्रविधि र जलवायुका चुनौतीहरूले विश्वव्यापी परिदृश्यलाई नयाँ ढङ्गले आकार दिइरहेका छन् ।" उहाँले विशेषगरी विकासोन्मुख राष्ट्रहरूले ब्रिक्सप्रति बढी अपेक्षासहित हेरिरहेको उल्लेख गर्नुभयो । जयशङ्करका अनुसार उदीयमान अर्थतन्त्रहरू अहिले विश्व व्यवस्थामा स्थिरता र रचनात्मक भूमिकाको खोजीमा छन् ।

भेलामा इरानका विदेशमन्त्री अब्बास अराघची र रुसका विदेशमन्त्री सर्गेइ लाभ्रोभको उपस्थिति विशेष अर्थपूर्ण मानिएको छ । अमेरिका-इजरायल र इरानबीचको युद्धले मध्यपूर्वमा तनाव बढाइरहेका बेला ब्रिक्स राष्ट्रहरूबीच साझा धारणा निर्माण गर्न कठिन देखिएको विश्लेषण गरिएको छ । खाडी क्षेत्रको जलमार्ग, विशेषगरी हर्मुज जलघाँटीमा भइरहेको अवरोधले तेल तथा ग्यास बजारमा ठूलो अस्थिरता ल्याएको छ । भारतजस्ता ऊर्जा आयातमा निर्भर अर्थतन्त्रहरू यसको प्रत्यक्ष असरमा परेका छन् । जयशङ्करले विकासोन्मुख राष्ट्रहरू अहिले ऊर्जा, खाद्य, मल, स्वास्थ्य सुरक्षा र वित्तीय पहुँचजस्ता आधारभूत क्षेत्रमा समेत चुनौती भोगिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "विकासका मुद्दाहरू अहिले पनि केन्द्रमा छन् । धेरै देशहरूले ऊर्जा, खाद्य, मल र स्वास्थ्य सुरक्षासँगै वित्तीय पहुँचमा कठिनाइ सामना गरिरहेका छन् ।"

इरानसँगको युद्धले भारतको अर्थतन्त्रमा थप दबाब सिर्जना गरेको छ । भारतले आफ्नो ठूलो ऊर्जा आवश्यकता मध्यपूर्वबाट पूरा गर्दै आएको छ । विश्वको तेस्रो ठूलो तेल आयातकर्ता भारतले सामान्य अवस्थामा आफ्नो कच्चा तेलको झन्डै आधा हिस्सा हर्मुज जलघाँटीमार्फत प्राप्त गर्छ । तर युद्ध सुरु भएयता उक्त समुद्री मार्ग पटक-पटक अवरुद्ध हुँदा भारतको आपूर्ति शृङ्खलामा अनिश्चितता बढेको छ । यसबीच भारतले वैकल्पिक आपूर्ति स्रोत विस्तार गर्न थालेको छ । पुराना साझेदार राष्ट्रहरूसँगको सहकार्य पुनः सक्रिय पार्नुका साथै नयाँ आपूर्तिकर्ताहरूसँग सम्बन्ध विस्तार गर्ने प्रयास भइरहेको छ ।

विशेषगरी रुस भारतका लागि प्रमुख वैकल्पिक तेल आपूर्तिकर्ता बनेको छ । गत वर्षसम्म भारतले अमेरिकी दबाब र सम्भावित शुल्कबाट जोगिन रुसी तेलमाथिको निर्भरता घटाउने प्रयास गरेको थियो । तर अहिलेको सङ्कटले नयाँदिल्लीलाई पुनः मस्कोतर्फ फर्किन बाध्य बनाएको देखिएको छ ।

# पाँच हजार दुई सय ६५ जनाले बुझाएनन् सम्पत्ति विवरण

काठमाडौँ, ३१ वैशाख (रासस)।

राष्ट्रिय सतर्कता केन्द्रद्वारा आर्थिक वर्ष २०८०/०८२ को सम्पत्ति विवरण अनुमगन प्रतिवेदन बुधबार अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पेस गरेको छ। बुधबार एक कार्यक्रमकाबीच केन्द्रका सचिव सरजुकुमार वैद्यले अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमुकमार राईसमक्ष पेस गर्नुभएको हो।

सार्वजनिक पदमा बहाल रहेको व्यक्तिले भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार, सार्वजनिक पद धारण गरेको मितिले ६० दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र कानुनबमोजिम आफ्नो सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण पेस गर्नुपर्ने व्यवस्था छ।

प्रतिवेदन ग्रहण गर्नुहुँदै आयोगका प्रमुख आयुक्त राईले ऐनद्वारा तोकिएबमोजिम प्रतिवेदन पेस गरेकामा केन्द्रलाई धन्यवाद दिनुहुँदै सम्पत्ति विवरण नभराउने कार्यालय प्रमुखलाई सो विषयमा जिम्मेवार बनाउनुपर्ने र यसलाई कार्यसम्पादनसँग आबद्धता गर्नु आवश्यक रहेको कुरामा जोड दिनुभयो।

अवकाशमा जाने कर्मचारीले अवकाश पत्र लिनु अगाडि सम्पत्ति विवरण भर्ने व्यवस्था गर्न र सातवटै प्रदेश एवं मन्त्रालय तहमा सम्पत्ति विवरण भर्नेसम्बन्धी अनुशिक्षण सञ्चालन गर्न उहाँले सुझाव दिनुभयो।

प्रतिवेदनअनुसार सम्पत्ति विवरण बुझाउने दायित्व भएका सङ्घका चार लाख ६९ हजार ८८० जना छन्। यस्तै, प्रदेशका २३ हजार ६०६ र स्थानीय तहका कुल दुई लाख ७८ हजार ८१२ कर्मचारी एवं पदाधिकारी छन्। कुल सात लाख ६७ हजार ३३ जनाले सम्पत्ति विवरण बुझाएको र पाँच हजार २६५ जनाले तोकिएको समयभित्र विवरण नबुझाएको पाइएको छ।

विगत वर्षमाभन्दा सम्पत्ति विवरण नबुझाउनेको सङ्ख्या घट्दो क्रममा रहेको प्रतिवेदनबाट देखिन्छ। तोकिएको समयावधिभित्र सम्पत्ति विवरण नबुझाएका सार्वजनिक पद धारण गरेका राष्ट्रसेवक तथा पदाधिकारीलाई प्रचलित कानुनबमोजिम आवश्यक कारबाहीका लागि आयोगले कदम चाल्ने आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो।

# संघीय मन्त्रालयको संख्या १८ कायम

काठमाडौँ, ३१ वैशाख (रासस)।

प्रशासनिक सुधार र मितव्ययिता कायम गर्ने, अनावश्यक चालु खर्च कटौती गर्ने तथा कार्यसम्पादनलाई थप प्रभावकारी र छरितो बनाउने मुख्य उद्देश्यसहित सरकारले सङ्घीय मन्त्रालयको सङ्ख्या २२ बाट घटाएर १८ पुऱ्याउने निर्णय गरेको छ।

बुधबार बसेको मन्त्रिपरिषद् बैठकले 'नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३' स्वीकृत गर्दै मन्त्रालयको सङ्ख्या घटाउने निर्णय गरेको हो। प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालका अनुसार सरकारले अर्थ, गृह, परराष्ट्र, रक्षा र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई यथावत राखेको छ।

त्यसैगरी उद्योग, वाणिज्य तथा आपूर्ति, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय पनि यथावत रहेका छन्। सरकारले प्रविधि र आविष्कारलाई प्राथमिकता दिँदै साविकको शिक्षा मन्त्रालयबाट विज्ञान-प्रविधि झिकेर र नयाँ थप गरिएको नवप्रवर्तनसम्बन्धी कार्य हेर्नेगरी छुट्टै 'विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय' गठन गरेको छ।

अन्य मन्त्रालयको कार्यविभाजनमा व्यापक हेरफेर गर्दै समान प्रकृतिका मन्त्रालयलाई एकीकृत गरिएको छ। जसअनुसार अब शिक्षा तथा खेलकुद मन्त्रालय, सञ्चार मन्त्रालय, युवा, श्रम तथा रोजगार मन्त्रालय र भूमि, सहकारी तथा मानवसंसाधन मन्त्रालय रहनेछन्।

त्यसैगरी, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय र कृषि, वन तथा पर्यावरण मन्त्रालय बनाइएको छ। साविकको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गर्दै आएको सूचना प्रविधिसम्बन्धी कार्यलाई भने अब प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गाभिएको छ।

नयाँ सरकार गठन भएलगत्तै जारी गरिएको 'शासकीय सुधारसम्बन्धी १०० कार्यसूची'अन्तर्गत प्रशासनिक सुधार र खर्च कटौतीका लागि मन्त्रालयको सङ्ख्या पुनरावलोकन गर्ने योजना अघि सारिएको थियो। सोही योजना कार्यान्वयन गर्न सचिव गोविन्दबहादुर कार्कीको संयोजकत्वमा 'गठित पुनःसंरचना व्यवस्थापन सचिवालय'ले बुझाएको प्रतिवेदनकै आधारमा मन्त्रालयको कार्यविभाजन, नाम परिवर्तन र एकीकरण गरिएको विज्ञ दाहालले जानकारी दिनुभयो।

मन्त्रालयको सङ्ख्या आवश्यकताभन्दा बढी भई चालु खर्च बढेको समस्या समाधान गर्न र राज्य संयन्त्रलाई चुस्त बनाउन यो कदम चालिएको बताइएको छ।

# मधेसमा पोषण सुधार हुनुपर्नेमा सभामुख यादवको जोड

धनुषा, ३१ वैशाख (रासस)।

मधेस प्रदेशसभाका सभामुख रामआशिष यादवले कुपोषण न्यूनीकरण तथा मातृशिशु स्वास्थ्य सुधारका लागि प्रदेश सरकार, स्थानीय तह र सरोकार भएका निकायबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताउनुभएको छ।

स्वास्थ्य निर्देशनालयद्वारा लालगढमा आज आयोजित तीनदिने 'प्रदेशस्तरीय पोषण नीति संवाद तथा शिखर सम्मेलनको समापन गर्दै उहाँले पोषण केवल स्वास्थ्य क्षेत्रसँग मात्र सीमित नभई शिक्षा, कृषि, खानेपानी, सरसफाइ तथा सामाजिक चेतनासँग जोडिएको विषय हो भन्नुभयो।

उहाँले मधेश प्रदेशमा अझै पनि बालबालिका तथा महिलामा कुपोषणको समस्या चुनौतीका रूपमा रहेको भन्दै त्यसलाई घटाउन दीर्घकालीन नीति, व्यावहारिक योजना तथा प्रभावकारी कार्यान्वयन अपरिहार्य भएकामा जोड दिनुभयो।

मधेस प्रदेशसभाको महिला, बालबालिका तथा सामाजिक न्याय समितिकी सभापति रूपाकुमारी यादवले महिलाको स्वास्थ्य, बालअधिकार तथा पोषण सुरक्षालाई प्राथमिकतामा राखेर नीति निर्माण गर्नुपर्ने बताउनुभयो। उहाँले ग्रामीण तथा विपन्न समुदायमा अझै पनि पोषणसम्बन्धी चेतनाको अभाव देखिएको भन्दै स्थानीय तहसँग सहकार्य गरेर चेतनामूलक अभियान सञ्चालन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा. प्रमोद यादवले पोषण तथा जनसङ्ख्याबीच प्रत्यक्ष सम्बन्ध रहेको बताउँदै जनसङ्ख्या वृद्धि, गरिबी, अशिक्षा तथा असन्तुलित खानपानका कारण कुपोषणको समस्या चुनौती बनेको विचार व्यक्त गर्नुभयो। सम्मेलनमा पोषण, मातृ तथा शिशु स्वास्थ्य, किशोरी पोषण, जनसङ्ख्या अवस्था, खाद्य सुरक्षा तथा पोषणमैत्री नीति कार्यान्वयनलगायत विषयमा पाँच वटा कार्यपत्र प्रस्तुत गरिएको थियो।

# वरिष्ठ अधिवक्ता कृष्णानन्द देवलाई "काशीराज गंगादेवी सम्मान" पुरस्कार प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, ३१ बैशाख।**

राजविराज उच्च अदालत वार एशोसिएशनद्वारा बिहीबार आयोजित एक कार्यक्रमबीच स्व. काशीराज गंगदेवी सम्मान पुरस्कार २०८३ प्रदान गरिएको छ।

यस वर्ष वरिष्ठ अधिवक्ता कृष्णानन्द देवलाई "काशीराज गंगादेवी सम्मान" पुरस्कार प्रदान गरिएको हो। मानव अधिकारको क्षेत्रमा बर्ष भरी काम गर्ने कानून व्यवसायीलाई यो पुरस्कारबाट सम्मानित गर्ने गरिन्छ।

दाता परिवारका सदस्य वरिष्ठ अधिवक्ता सुजीत पोखरेलले पुरस्कार राशी नगद १५ हजार र प्रमाण पत्र रहेको जानकारी दिदै विगत दुई वर्ष देखि यो पुरस्कार प्रदान गर्दै आइरहेको बताए।

पहिलो पटक यस पुरस्कारबाट वरिष्ठ अधिवक्ता हिम्मत सिंह र दोश्रो पटक वरिष्ठ अधिवक्ता अमर बहादुर पाण्डेलाई प्रदान गरिएको थियो।

उच्च वारका अध्यक्ष हरेराम यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सप्तरी जिल्ला अदालतमा भर्खरै आएका न्यायाधीश बाबुराम भट्टराईलाई स्वागत गरिएको थियो।

यस्तै बिहीबारै सम्पन्न अर्को कार्यक्रममा उच्च अदालत जनकपुर राजविराज इजलाशका प्रमुख न्यायाधीश सुभाष पौडेलको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा बितेको २०८२ पौष १८ गते देखि पौष २४ गते सम्म राजविराजमा सञ्चालन भएको "फौजदारी कानून विषयक आधारभुत तालिम" मा सहभागी ४० जनालाई सो तालिमको प्रमाण-पत्र बितरण गरिएको छ।

# विवाह गर्ने उमेर २० वर्ष नघटनाउन आग्रह

काठमाडौँ, ३१ वैशाख (रासस)।

बीस वर्षपछि विवाह गर्ने विद्यमान कानुनी व्यवस्थामा परिवर्तन नगर्न बालअधिकारकर्मीले जोड दिएका छन्।

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) ले बुधबार आयोजना गरेको 'बिहेवारी २० वर्ष पारी अभियान'मा सञ्चारकर्मीको भूमिका विषयक छलफल कार्यक्रमका वक्ताहरूले विवाह गर्ने उमेरलाई घटाएर १८ वर्ष ल्याउन कतिपय पक्षले दबाब लिए पनि त्यस्तो प्रस्ताव अघि बढ्न नहुनेमा जोड दिइएको हो।

राष्ट्रिय बालअधिकार परिषद्का पूर्वकार्यकारी निर्देशक तारक धितालले विवाह गर्ने विद्यमान उमेर घटाउँदा शैक्षिक, मानसिक, आर्थिक र सामाजिकका साथै प्रजनन् स्वास्थ्यमा प्रतिकूल असर पर्ने अध्ययनबाट देखिएको बताउनुभयो।

उहाँले चीन, दक्षिण कोरिया, भारतलगायत मुलुकमा पनि २० वर्षपछि नै विवाहको कानुनी प्रबन्ध भएको दृष्टान्त दिनुभयो। अधिकारकर्मी धितालले नेपाल सरकारले ल्याएको बालविवाह अन्त्यसम्बन्धी रणनीति, २०७२ को प्रभावकारी कार्यान्वयनका लागि सबै तहका सरकार, निजीक्षेत्र र सञ्चारकर्मीले भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो।

नेपालको संविधानको धारा ३९ ले बालबालिकालाई बालविवाह गर्न बाध्य पार्न नहुने व्यवस्था रहेको छ भने मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ मा २० वर्ष नपुगी गरिने विवाहलाई दण्डनीय मानेको छ।

सिजपका अध्यक्ष तिलोत्तम पौडेलले कम उमेरमा विवाह गर्दैमा बालविवाह घट्छ भन्ने तर्क सही नभएको बताउँदै कम उमेरमा विवाह गरेर सन्तान जन्मिएमा जन्ममृत्युदर बढ्ने खतरा रहने जनाउनुभयो। उहाँले केटा र केटीको मञ्जुरीमा विवाह भएमा २० वर्ष मुनिको विवाहलाई पनि मान्यता दिनुपर्छ भन्ने बुझाइ पनि सही नभएको बताउनुभयो।

### सुकुम्वासीहरुद्वारा...

प्रथमलाल राम, अन्तरिम संविधानका सदस्य अशर्फि सदा, दलित अभियान्ता युक्ति मरिक लगायतले सम्बोधन गर्दै भूमीहीनको उचित वसोवासको प्रबन्ध बिनै हचुवाको भरमा डोजर चलाउने काम भएको भन्दै त्यस्तो कार्य अविलम्ब रोकिनु पर्ने माग गरेका थिए।

उनीहरुले उठिवास गर्ने काम बन्द नगरे देशभरै भूमिकीन संगठित भई आन्दोलन चर्काउने चेतावनी समेत दिएका थिए।

धूम्रपान त्यागौं, स्वस्थ जीवनशैली अपनाऔं ।

❖ धूम्रपानले क्यान्सर, मुटु रोग र श्वासप्रश्वाससम्वन्धी समस्या निम्त्याउँछ,
❖ धूम्रपान स्वास्थ्यका लागि हानिकारक छ,

त्यसैले,

❖ सार्वजनिक स्थानमा धूम्रपान नगरौं,
❖ किशोर-किशोरीहरूलाई धूम्रपानवाट टाढा राखौं,
❖ धूम्रपानको लतबाट मुक्त हुन आवश्यक परामर्श र सहयोग लिऔं,
❖ धूम्रपान नगर्ने बाताबरण सिर्जना गरौं,
❖ आफ्नो र परिवारको स्वास्थ्यको रक्षा गरौं,
❖ धूम्रपान त्यागने संकल्प गरौं,
❖ धूम्रपान बिरुद्ध जनचेतना फैलाऔं र स्वस्थ समाज निर्माण गरौं।

स्वस्थ जीवन, उन्नत भविष्यको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np